**मिति: २०८०।१।६ गते, समय: ८ बजे दिनको, बैठक संख्या**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत।

**निर्णय:** अमरगढी नगरपालिका वडा नं १ स्थित ढुन्ढुनेमा औधोगिक ग्राम निर्माणको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन र वडा नं २,३ भएर बग्ने डोटिघटाल खोला तथा वडा नं ११ स्थित रुवा खोला र रडुवाखोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा निकासीका संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत गर्ने।

**प्रस्ताव नं. ३**: आगामि आवको योजना तर्जुमा सम्बन्धमा।

**निर्णय:** आगामि आवको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रकृया स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसारको कार्यतालिका बमोजिम अगाडि बढाउने।

**प्रस्ताव नं. ४**: कार्यालय परिषर निर्माण सम्बन्धमा।

**निर्णय:** यस कार्यालयको परिषर निर्माण अमरगढी पार्कको बोलपत्रबाट बचत भएको रकमबाट गर्ने।

**प्रस्ताव नं. ५**: भौतिक पूर्वाधार तथा वातावरण शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुको सुविधा सम्बन्धमा।

**निर्णय:** यस कार्यालयको भौतिक पूर्वाधार तथा वातावरण शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजनाको कन्टेन्जेन्सी रकमबाट फिल्ड परिचालन तथा व्यवस्थान गरेवापत कार्य जिम्मेवारी तथा कार्य प्रगतिको आधारमा ४ लाख २५ हजार कार्यालयले प्राविधिक कर्मचारीहरुलाई उपलब्ध गराउने।

**प्रस्ताव नं. ६**: शिक्षक राहत कोटको विषय परिवर्तन सम्बन्धमा।

**निर्णय:** श्री महेन्द्र माध्यामिक विधालय अमरगढी ५ खलंगामा रिक्त रहेको निमावि तह नेपाली विषयको राहत कोटालाई अंग्रजी विषय कायम गरि पदपूर्तीको प्रकृया अगाडी बढाउन सहमति दिने।

**प्रस्ताव नं. ७**: वडा नं ३ मा फैलिएको पशु रोग नियन्त्रण सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं ३ का पशुहरुमा फैलिएको महामारी रोगको नियन्त्रणका लागि संघीय तथा प्रदेश कार्यालयहरुमा आवस्यक सहयोगको लागि अनुरोध गर्ने।

२०८०।१।६